# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, पुष १२ गते, २०८१ साल (अतिरिक्ताङ्क २३

## भाग १

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको देहाय बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८१ सालको अध्यादेश नं. ०१

**गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको अध्यादेश**

**प्रस्तावना:** गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएको र हाल प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्था नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम गण्डकी प्रदेश सरकार, मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "गण्डकी प्रदेश निजामती सेवा (पहिलो संशोधन) अध्यादेश, २०८१" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ मा दफा १५क. थपः** गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १५ पछि देहायको दफा १५क. थपिएको छः-

"**१५क.अस्थायी नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरू मध्येबाट अस्थायी नियुक्ति गर्ने प्रयोजनको लागि छुट्टै योग्यताक्रम अनुसारको सूची प्रकाशन गर्नेछ ।

(२) प्रदेश निजामती सेवाको कुनै रिक्त पदमा अस्थायी नियुक्ति गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयले आयोगमा लेखी पठाउनुपर्नेछ । यसरी अस्थायी नियुक्तिका लागि उम्मेद्वार माग गर्दा रिक्त पदमा स्थायी पदपूर्तिको लागि दफा १२ बमोजिम रीतपूर्वकको माग आकृति फाराम समेत भरी अनिवार्य रुपमा पठाउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा आयोगले योग्यताक्रमको सूचीमा रहेका व्यक्तिलाई सम्बन्धित मन्त्रालयको मागको आधारमा अस्थायी नियुक्ति गर्न नाम सिफारिस गरी पठाउनेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका व्यक्तिलाई बढीमा ६ महिनासम्मको लागि सम्बन्धित मन्त्रालयले अस्थायी नियुक्ति गर्नेछ ।

तर, उपदफा (१) बमोजिमको अस्थायी योग्यताक्रम सूचीबाट नपुग हुने भएमा वा अस्थायी योग्यताक्रम सूची प्रकाशन नभएको व्यहोरा आयोगबाट लेखी आएको अवस्थामा प्रदेश इन्जिनियरिङ्ग सेवा र प्रदेश कृषि सेवाको हकमा रिक्त दरबन्दीमा स्थायी पदपूर्ति नहुँदासम्म यस उपदफा बमोजिम सम्बन्धित मन्त्रालयले प्रतिष्पर्धात्मक विधिबाट छनौट गरी एकपटकमा ६ महिनासम्मको लागि अस्थायी नियुक्ति गर्न बाधा पर्ने छैन।

(५) यस दफा विपरीत कसैले नियुक्ति गरेमा त्यस्तो नियुक्ति भएको निजामती कर्मचारीले खाइपाई आएको तलब, भत्ता र अन्य सुविधाबापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकी सरह असूलउपर गरिनेछ।"

**प्रमाणीकरण मितिः २०८१।०९।१२**

आज्ञाले,
बाबुराम गौतम
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु. १०।-